## दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, बागमती प्रदेश, नेपाल

# दक्षिणकाली नगरपालिका क्षेत्रभित्र ढुंगा, गिट्टि, ग्राभेल, बालुवा र माटो लगायतको प्राकृतिक स्रोतहरुको विक्री/संकलन शुल्क/दस्तुर आन्तरिक आय संकलन सम्बन्धी बोलपत्र आह्वानको सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०३/०१**

**दोस्रो पटक प्रकाशित मिति : २०८०/०४/१०**

**तेस्रो पटक प्रकाशित मिति : २०८०/०५/०७**

यस नगरपालिकाको आ.व. २०८०/०८१ को लागि स्थानिय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २(घ) को ६ मा व्यवस्था भए अनुसार यस नगर क्षेत्र भित्र पर्ने निर्माणमूखी कच्चा पदार्थ (ढुंगा, गिट्टी, वालुवा, ग्राभेल र माटो) लगायतका प्राकृतिक स्रोत ढुवानी गर्ने सवारी साधनबाट शुल्क/दस्तुर आन्तरिक आय संकलन गर्न यस नगरपालिका नगरकार्यपालिकाको कार्यालयको निर्णय एवं बागमती प्रदेश, आर्थिक ऐन २०७९ बमोजिम हुने गरि ठेक्का बन्दोबस्त बोलपत्रको माध्यमबाट गर्नु पर्ने भएको हुँदा उक्त कार्य गर्न इच्छुक बोलपत्रदाताहरुका लागि तोकिएको अवधि भित्र रितपूर्वकको शिलबन्दी बोलपत्रमा भाग लिन यो सूचना प्रकाशित गरिएको छ। उक्त बोलपत्र फारम (हार्ड कपि) यस कार्यालयबाट र विद्युतीय माध्यम (E-Bidding-EGP System) बाट समेत सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइड www.bolpatra.gov.np/egp मार्फत डाउनलोड गरी दुई मध्ये एकबाट ठेक्कामा प्रतिस्पर्धाको लागि खरिद गर्न तथा बोलपत्र पेश गर्न सकिनेछ। बिस्तृत सूचना यस कार्यालयको वेबसाईट www.dakshinkalimun.gov.np बाट प्राप्त गर्न सकिनेछ।

| क्र. सं. | आय ठेक्का नं. | ठेक्काको विवरण | आ.व. ०८०/०८१ को लागि न्यूनतम ठेक्का रकम (मू.अ.कर वाहेक) | वोलपत्र फारम दस्तुर | धरौटी/जमानत रकम |
|---|---|---|---|---|---|
| १ | ०१/आन्तरिक आय/२०८०/०८१ | दक्षिणकाली नगर क्षेत्र भित्र निर्माणमूखी कच्चा पदार्थ (ढुंगा, गिट्टी, वालुवा, ग्राभेल र माटो) लगायतका प्राकृतिक स्रोतको ढुवानी गर्ने सवारी साधनबाट शुल्क/दस्तुर उठाउने कार्य | रु.२,८८,५८,५००/- (दुई करोड अठासी लाख अन्ठाउन्न हजार पाँच सय मात्र) | रु. ५०००/- | मू.अ.कर सहित कवोल अंकको ५ प्रतिशत |

**दररेटहरु**

| क्र.सं | विवरण | ईकाई | संकलन तथा विक्री शुल्क (कर वाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | ढुंगा, गिट्टी, ग्राभेल, वालुवा, विक्री (साधारण निर्माणमुखी खनिज पदार्थ) | प्रति घन फिट | रु.९/- | |
| २ | माटो विक्री | प्रति घन फिट | रु.३/५० | |

- नोट : विद्युतीय प्रणालीबाट यस ठेक्कामा सहभागी हुने बोलपत्रदाताहरुले बोलपत्र फारममा कबोल अंक राखी स्क्यान गरि अपलोड समेत गर्नहुन अनुरोध छ।
- सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइड www.bolpatra.gov.np/egp मा जे लेखिएता पनि धरौटी रकम सम्बन्धमा कबोल अंकको मु.अ.कर सहित ५ प्रतिशतले हुन आउने रकम राख्नु पर्नेछ।
- बोलपत्र खरिद गर्ने अन्तिम मिति :- २०८०/०५/२१ गते कार्यालय समय भित्र (हार्ड कपि) र २०८०/५/२२ गते अपरान्ह १२:०० बजे भित्र (विद्युतीय कपि)
- बोलपत्र वुझाउने अन्तिम मिति र समय :- २०८०/०५/२२ गते अपरान्ह १२.०० वजे सम्म।
- बोलपत्र खोलिने मिति र समयः- २०८०/०५/२२ दिउँसो १:०० वजे।

**प्रमुख प्रशासकीय अधिकृत**

**Published on: (2080-05-07, August 24, 2023, Gorkhapatra)**

शर्तहरु

(१) बोलपत्र खरिद, दर्ता र खोल्ने दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट सोहि समय भित्र खरिद, दर्ता र खोल्ने कार्य गरिनेछ । बोलपत्र खरिद तथा पेश गर्न बोलपत्रदाता फर्मको प्रोपाइटर स्वयं उपस्थित हुनुपर्नेछ तर आफै उपस्थित हुन नसक्ने भएमा आधिकारीक दस्तखत र फर्मको छाप सहितको अख्तियारनामा दिई प्रतिनिधि खटाउन सकिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएपनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ ।

(२) बोलपत्र फारम साथ धरौटी वापत (मू.अ.कर समेत) कवोल अंकको ५ प्रतिशत हुँन आउने रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, फर्पिङ शाखाको धरौटी खाता नं. १२००१००३०३००००२ मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचना जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको नेपाल राष्ट्र वैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य वैंकको वोलपत्र जमानत पेश गर्नुपर्नेछ ।

(३) बोलपत्रदाताले हार्डकपिको हकमा बोलपत्र पेश गर्दा खामलाई शिलवन्दी गरी खामको बाहिर एकातर्फ बोलपत्र पेश गर्ने फर्मको नाम, ठेगाना, सम्पर्क नं. र अर्कोतर्फ ढुंगा, गिट्टी, ग्राभेल, वालुवा र माटो लगायतको प्राकृतिक स्रोतहरुको बिक्री/संकलन शुल्क/दस्तुर उठाउने सम्वन्धमा पेश गरेको बोलपत्र, दक्षिणकाली नगरपालिका, फर्पिङ भनेर स्पष्टसंग लेख्नु पर्नेछ तथा बोलपत्र साथ पेश भएका सम्पूर्ण कागजातहरु बोलपत्रदाताद्वारा प्रमाणित हुनुपर्नेछ । E-Bidding मार्फत बोलपत्र दाखिला गर्दा यस नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक,फर्पिङ्ग शाखामा रहेको खाता नं.१२००१००३०१०१०००२ मा टेण्डर फारम दस्तुर रकम जम्मा गरि मिति २०८०/०५/२२ गते दिनको अपरान्ह १२:०० बजेसम्म खरिद गर्न र बोलपत्र पेश गर्न सकिनेछ ।

(४) आफुले कबोल गरेको रकमको अंक र अक्षरमा फरक परेमा जुन अंक वा अक्षर बढी छ सोही रकमलाई मान्यता दिइनेछ ।

(५) बोलपत्र दिदा कुनै प्रकारको शर्त मान्य हुनेछैन । साथै हार्ड कपि शिलबन्दी बोलपत्र पेश गर्दा यस कार्यालयको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिइनेछैन ।

(६) ठेक्का अवधि ठेक्का स्वीकृत भइ सम्झौता भएको मितिले २०८१ आषाढ मसान्तसम्म रहनेछ र सो सम्झौता भएको मितिबाट बाँकी २०८१ आषाढ मसान्तसम्मलाई १ (एक) आर्थिक वर्ष मानिनेछ ।

(७) ठेक्का स्वीकृत गरेको जानकारी प्राप्त भएको मितिले ७(सात) दिन भित्र स्वीकृत कबोल अंकको २५% रकम नगदै (यस नगरपालिकाको संचित कोष खातामा जम्मा गर्ने) तथा बाँकी ७५% रकमको हकमा यस नगरपालिकाको पक्षमा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य वैंकको मिति २०८१।०५।३० सम्म अवधि रहेको कार्य सम्पादन जमानत (Performance Bond) पेश गर्नुपर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम व्याज समेत असुल उपर गरिनेछ । यसरी असुल गर्दा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउनेछैन ।

(८) मू.अ.कर दक्षिणकाली नगरपालिकाको कार्यालयमा मासिक रुपमा बुझाउनु पर्नेछ ।

(९) ठेक्कामा कवोल गरेको रकम सम्झौता गर्दा नै अग्रिम रुपमा एकमुष्ट भूक्तान गरेमा सो कवोल अंकमा १०% छुट दिइनेछ ।तर भ्याट रकममा भने छुट दिइनेछैन ।

(१०) ठेक्का रकम एकमुष्ठ भूक्तान गर्न नसक्ने स्वीकृत बोलपत्रदाताले बाँकी रकम नगरपालिकाले तोकेको अवधि भित्र ३(तीन) किस्तामा बुझाउनु पर्नेछ । किस्ता रकम बुझाउँदा किस्ता रकम नगरपालिकाले तोकेको खातामा जम्मा गर्नुपर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित कानून बमोजिम फिर्ता गरिनेछ ।

(११) आ.व.०८०।८१ मा स्वीकृत प्राप्त साधारण निर्माणमुखी खनिज पदार्थ उद्योग संचालन भए वा नभएपनि ठेक्का कबोल अंकमा कुनै परिवर्तन हुनेछैन ।

मधु अर्याल खनाल
प्रमुख प्रशासकीय अधिकृत

(१२) नगरपालिका क्षेत्रभित्र आफ्नो वा एकाघरको परिवारको जग्गाबाट उल्लेखित प्राकृतिक श्रोतहरु वडा भित्र वा एउटा वडाबाट अर्को वडामा घर बनाउने वा जग्गा सम्याउने प्रयोजनका लागि लैजाँदा शुल्क लिन पाइने छैन ।

(१३) यस नगरपालिका भित्र संचालनमा रहेको कुनै पनि आयोजनाको क्षेत्र भित्र हुने कार्यबाट निस्कन सक्ने प्राकृतिक स्रोत साधन सोही आयोजनाको क्षेत्रभित्र प्रयोग गर्दा शुल्क/दस्तुर उठाउन पाइने छैन ।

(१४) ठेक्का अवधिको प्रचलित कानून अनुसार बुझाउनु पर्ने आयकर लगायतका अन्य करहरु स्वीकृत बोलपत्रदाताले स्वयंले व्यहोर्नु पर्नेछ ।

(१५) बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्राप्त गरी निर्धारित समय भित्र कार्यालयसँग सम्झौता गरिसक्नुपर्नेछ । तोकिएको समय भित्र सम्झौता गर्न नआएमा बोलपत्रदाताले राखेको धरौटी जफत गरी नियमानुसार कारवाही गरिनेछ ।

(१६) स्वीकृत बोलपत्रदाताले उठाउने कर यस कार्यालयले तोकेको संकलन केन्द्रबाट नै उठाउनु पर्नेछ र दररेट सहित कार्यालयले तोकेको विवरण भएको साइनबोर्ड सबैले देख्ने गरी राख्नुपर्नेछ । साथै राष्ट्रिय राजमार्ग र सहायक राजमार्गहरुमा ढाट राखी कर उठाउन पाइने छैन ।

(१७) ठेक्का कबोल गर्ने बोलपत्रदाताले कार्यालयले तोकेको शुल्क उठाउँदा प्रयोग गरिने रसिदहरु आफ्नोतर्फबाट छपाई यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ वा विद्युतीय प्रणालीबाट कर संकलन गर्ने हो भने सोको जानकारी यस कार्यालयलाई दिनु पर्दछ। प्रमाणित नगरेको रसिदबाट शुल्क उठाईएको पाईएमा नियमानुसार कारवाही गरिनेछ । नियमानुसार प्रयोग गरिएका रसिदहरुबाट वा विद्युतीय प्रणालीबाट आम्दानी गरिएको रकम आय खातामा मू.अ.करको हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाताको प्रमाणित प्रतिलिपि र रसिद नं. हरुको विवरण मासिक रुपमा अर्को महिनाको ७ गते भित्र यस नगरपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

(१८) म्याद नाघी वा रित नपुगी प्राप्त भएको वोलपत्र उपर कुनै कारवाही हुने छैन । कालो सूचीमा परेको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिने छैन ।

(१९) स्वीकृत बोलपत्रदाताले बन्द, हड्ताल र समय अभाव र अन्य कारण देखाई छुट तथा मिनाहा दावी गरेमा कार्यालयले छुट दिने छैन ।

(२०) प्रचलित कानून, सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(२१) नेपाल सरकार, प्रदेश सरकार र यस कार्यालयले समय समयमा दिएको निर्देशन पालना गर्नु सम्बन्धित बोलपत्रदाताको कर्तव्य हुनेछ ।

(२२) कुनै कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ ।

(२३) यस सूचनामा भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानून तथा ठेक्का स्वीकृति पश्चात हुने सम्झौता बमोजिम हुनेछ ।

(२४) संलग्न गर्नुपर्ने कागजपत्रहरु व्यक्तिको हकमा नागरिता प्रमाण-पत्र र स्थायी लेखा नं.(PAN CARD)को प्रतिलिपि ,फर्म/संस्था/व्यवसायको हकमा फर्म/संस्था/व्यवसायको नविकरण खुल्ने दर्ता प्रमाण-पत्र,पान प्रमाण-पत्र, २०७८/०७९ को करचुक्ता प्रमाण-पत्र प्रतिलिपि ।

(२५) थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नं. ०१-४७१००२८ मा कार्यालय समय भित्र जानकारी लिन सकिनेछ

-प्रमुख प्रशासकीय अधिकृत

मधु अर्याल खनाल
प्रमुख प्रशासकीय अधिकृत